सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँगीहाट, मोरङ

प.सं. २०८१/८२
च.नं. ९८

कोशी प्रदेश, नेपाल

## दरभाउपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०४/१३)

यस सुनवर्षी नगरपालिका अन्तर्गत देहाय बमोजिम आ व ०८२/०८३ असाढ मासान्तसम्मका लागि हाटगुदरी कर र कान्जी हाउस कर उठाउनेको स्थानिय सरकार संचालन ऐन २०७४ र सुनवर्षी नगरकार्यपालिकाको निर्णयानुसार ठेका बन्दोबस्त गर्नु पर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रहने गरी ईच्छुक नेपाली नागरिक वा फर्म, कम्पनीहरुले १५ दिन भित्र रित पूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ ।

| सि नं | विवरण | न्यूनतम अंक (प्रति वडा) | दरखास्त दस्तुर (प्रति वडा प्रति फारम) | प्रकार |
|---|---|---|---|---|
| १ | कान्जि हाउसको कर सङ्कलन ठेक्का, (१-९) | १५०००/- | १०००/- | दरभाउपत्र |
| २ | डाईनिया हाटगुदरी सुनवर्षी ९ | १५१०००/- | १०००/- | दरभाउपत्र |

शर्तहरू:

- शिलबन्दी दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म १७:०० बजे भित्र यस कार्यालयबाट खरिद गर्न सकिन्छ ।
- शिलबिन्दी दरभाउपत्र १६ औ दिन तथा दिनको १२:०० बजे सम्म रित पूर्वक भरि दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे प्रतिनिधिको रोहवरमा यस कार्यमा खोलिनेछ।
- शिलवन्दी दरभाउपत्रमा भाग लिनेले न्युनत्तम अंकको ५ प्रतिशत रकम हिमालयन बैंकमा रहेको यस न. पा.को खाता नं **(SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)** मा जम्मा गरेको सक्कलै बैक भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
- शिलवन्दी दरभाउपत्र सदर गरेको मितिले ७ दिन भित्र सम्झौता गरी प्रथम किस्ताको रकम यस न. पा.को खाता नं **(Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138)** मा बुझाउनु पर्नेछ र दोश्रो र तेश्रो किस्ताको हकमा नियमानुसार हुनेछ। बैक जमानत २०८३ असाढ मसान्त सम्मको हुनु पर्नेछ साथै अग्रिम रकमको रुपमा सम्पुर्ण रकम बुझाएमा १० प्रतिशत सम्म छुट हुनेछ।
- उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेका बदर गर्न सकिनेछ र ठेका बदर गर्नु परेमा घरौटी रकम समेत जफत हुनेछ।
- ठेक्का सम्झौता भए पछी वन्द हडताल वा अन्य कुनै कारणले कर छुट वा मिनाहाका लागी ठेकेदार पक्षबाट दावी गर्न पाईने छैन।
- न.पा.ले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ। साथै ठेक्का सम्वन्धी कुनै विवाद भएमा न.पा.को निर्णयनै अन्तिम हुनेछ।
- करका दररेटहरू न.पा.ले तोके बमोजिम असुल उपर गर्नु पर्नेछ। अन्यथा वढी रकम असुल उपर गरेको खण्डमा नियमानुसार कार्वाही हुनेछ।
- हाट गुदरीको सञ्चालन र व्यवस्थापन गर्दा स्थानीय वजार समितिको राय परामर्श लिनु पर्नेछ।
- हाट गुदरीको सरसफाई तथा कर्मचारी सम्वन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व तथा कर स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ।
- दरभाउपत्र फारममा अंक र अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
- यस न.पा. अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की, वेरुजु रहेको व्यक्ती वा परिवारको अन्य सदस्य ठेक्कामा सहभगी हुन पाउने छैन। तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखीत रकम दाखीला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।
- दरभाउपत्र खरिद गर्न लिखित निवेदन, नागरिकता प्रमाणपत्र, फर्म वा कम्पनीको ईजाजत पत्र र आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको मु.अ. करको समेत प्रमाणित प्रतिलिपी र आ.व. २०८०।८१ को कर चुक्ताको प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयबाट आय विवरण बुझाउने म्याद थप भएको प्रमाण पेश गर्नु पर्नेछ।
- म्याद नाघी र रित नपुगी आएको निवेदन उपर कुनै कारवाही हुने छैन।
- उल्लेखित शर्तहरू बाहेक अन्य कुराहरू प्रचलित ऐन नियम अनुसार हुनेछ। थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner